# सान्नी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मेहलमुडी, कालीकोट
### कर्णाली प्रदेश,नेपाल
### २०७३

पत्र संख्याः -२०८०/०८१ चलानी नः- 203 मितिः-२०८०/०५/०३

बिषयः- सरकारी सवारी साधन सम्बन्धमा ।

श्री सान्नी त्रिवेणी गाउँपालिका
१ नं. वडा देखि ९ नं. वडा कार्यालय/आधारभुत अस्पताल/स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य ईकाइ/कृषि शाखा/पशु सेवा शाखा/शिक्षा शाखा/स्वास्थ्य शाखा/रोजगार शाखा/लघु उधम शाखा/पंजिकरण शाखा/प्राबिधिक शाखा/प्रशासन शाखा/राजश्व शाखा/स्टोर शाखा/संघ संस्था साझेदारी शाखा/सहकारी शाखा/महिला तथा बालबालिका शाखा/बिपद ब्यबस्थापन शाखा/कृषि तथा पशु सेवा उपशाखा

प्रस्तुत बिषयमा यस गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण वडा कार्यालय/सम्पुर्ण शाखा/उपशाखा (सरकारी सवारी साधन प्रयोग गरेका मात्र) मा कार्यरत कर्मचारीहरु र जनप्रतिनिधीहरुका नाममा रहेका दुई पाङ्ग्रे सवारी साधन (मोटरसाईकल) कार्यालयको नाममा नामसारी गराई सरकारी नम्वर प्लेट राखि कार्यालयको तोकिएको काममा मात्र लगाउनु पर्नेमा तोकिएको काम बाहेक ब्यक्तिगत प्रयोगमा ल्याएको, प्रयोग गर्न दिएको, बिदा,काज, कार्यालय समय भन्दा अघिपछी प्रयोग गरेको,कार्यालयको पास नलिएर गाउँपालिका बाहिर प्रयोग गरिरहेको देखिएकाले सरकारी धनमाल वा सम्पत्तिको संरक्षण गर्नु कार्यालयको दायित्व रहेको हुदाँ एक महिना भित्र कार्यालयको नाममा नामसारी गराई सरकारी नम्वर प्लेट राखि गाउँपालिका बाहिर जानु पर्ने भएमा कार्यालयको पास लिई कार्यालयको तोकिएको काममा मात्र प्रयोग गर्न गराउन हुन जानकारी गराईन्छ।साँथै कार्यालयको नाममा नामसारी नगराई सरकारी नम्वर प्लेट नराखि कार्यालयको तोकिएको काम बाहेक अन्य काममा प्रयोग गरेमा वा गराउन लगाएमा यस कार्यालयबाट मोटरसाईकल बुझिलिने ब्यक्ति स्वयंम जिम्मेवार हुनु पर्ने र सरकारी सम्पत्तिमा हुन गएको सबै प्रकारका क्षति र हानि नोक्सानी रकम प्रयोग गर्ने ब्यक्तिबाट नै असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

१-श्री सान्नी त्रिवेणी गाउँपालिका,गा.पा.अध्यक्षको सचिवालय ।
२-श्री सान्नी त्रिवेणी गाउँपालिका,गा.पा.उपाध्यक्षको सचिवालय ।
३-श्री जिल्ला प्रशासन कार्यालय,मान्म,कालिकोटः जानकारीका लागी अनुरोध।
४-श्री जिल्ला प्रहरी कार्यालय,मान्म,कालिकोटः जानकारीका लागी अनुरोध।
५-श्री जिल्ला ट्राफिक कार्यालय,मान्म,कालिकोटः जानकारीका लागी अनुरोध।
६-श्री सान्नी त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय,स्टोर शाखाः नामसारी गराई सरकारी नम्वर प्लेट राखि कार्यालयको तोकिएको काममा मात्र प्रयोग गर्न लगाउनु हुन ।
७-श्री सान्नी त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय,सुचना प्रबिधि शाखाः अपलोड गरि दिन हुन ।

CamScanner